# श्री बहुराती सामुदायिक वन उपभोक्ता समूह,
## चापाकोट ७, स्याङ्जा

प.स. ०८२/०८३
च.न.

मिति: २०८२।०७।१९,

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२।०७।१९,

बहुराती सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व. २०८१।०८२ मा पोल छिनिङबाट उत्पादित चापाकोट ७, बहुराती र चापाकोट ८ दामाचौरको घाटगद्दीमा राखिएको निम्न परिमाणको काठ, दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकोले यो पहिलो पटक सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना आँधी आवाज राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ।

### तपसिल

१. वन पैदावरको विवरण

| क.स. | वन पैदावरको जात | थान | कुल परिमाण | एकाइ | मूल्यांकन रु न्यूनतम मूल्य रु | मूल्यांकन रु कटान तथा घाटगद्धि खर्च रु |
|---|---|---|---|---|---|---|
| १ | साल गोलिया काठ बि.सि र डि ग्रेड | ५३४ | ६७४.८५ | क्यू फिट | २,६२,२८८ | १,७२,००० |
| २ | अन्य | ४ | ६.११ | क्यू फिट | ६११ | |
| ३ | दाउरा साल प्रजाती | | ४.५ | चट्टा | ५४००० | |
| ४ | दाउरा अन्य प्रजाती | | ०.५ | चट्टा | २००० | |

(२) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति : २०८२।०८।०९ गते ख) समय : साँझ ५.०० बजेसम्म

(३) बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैंक लि. मुल्लीटार शाखा स्याङ्जामा रहेको खाता नं. ११०००१०६५१३५२९००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ।

(४) बोलपत्र फाराम प्रति रु १०००। पछि फिर्ता नहुने गरि तिरी यस सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालयबाट खरिद तथा दाखिला गर्न सकिनेछ।

(५) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको दिनको समयमा समूहको घाटगद्दी स्थानमा नै हेर्न सकिने छ।

(६) लिलाममा भाग लिन इच्छुक कम्पनि वा फर्मका प्रोपाइटरले नेपाली नागरिकताको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

(७) निर्धारित न्यूनतम सख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२ साल मंसिर १० गते दिउसो २.०० बजे साक्षीहरुको रोहवरमा समूहको कार्यालयमा खोलिने छ।

(८) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ।

(९) बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

(१०) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समूहमा निहित रहनेछ।